

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratEEkdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratEEkdaily.com



कोभिड–१९ रोग जो कसैलाई पनि हुन सक्छ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ ०८ गते शनिवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 22 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६३


## ग्रेभल नहुँदा वर्षामा थरुहट सडकमा आवागमन प्रभावित

ओमप्रकाश चौधरी, सेढवा, ७ जेठ/

जीराभवानी गाउँपालिकाका बासिन्दा एक वर्षदेखि सडकको कारण समस्या भोग्दै आएका छन् ।

गत आर्थिक वर्षमा थरुहट सडकखण्ड निर्माणका लागि ठेक्का सकार गरेको रञ्जन निर्माण सेवाले समयमा कार्य नगर्दा यस क्षेत्रका बासिन्दाहरूले समस्या भोग्नुपरेको हो । थरुहट सडकखण्ड अन्तर्गत जीराभवानी गाउँपालिकाको बलुवा, महादेवपट्टि, सेढवा, नौकाटोला, सहजानपुर, कोढौली, सानो कोढौलीलगायतका बासिन्दाहरूले कठिनाइ बेहोर्नुपरेको जीराभवानी गापा–२ सेढवा निवासी पूजन खाँ थारू बताउँछन् ।





हिलाम्य थरुहट सडकखण्ड । तस्वीर : प्रतीक

गत वर्ष असार महीनामा सडक निर्माणको लागि माटो बिछ्याइएको थियो । तर त्यस बेलादेखि अहिलेसम्म सडकमा माटो बिछ्याउनुबाहेक अन्य काम अगाडि नबढाउँदा यहाँका मानिसहरू घाम लाग्दा धूलो र पानी पर्दा हिलोको कारण सडकखण्डको प्रयोग गर्नबाट वञ्चित हुँदै आएका छन् । माटो बिछ्याइएको कारण सामान्य वर्षामा पनि सडक हिलाम्य भएर आवागमन बन्द हुने गरेको उनले बताए ।

जीराभवानी गापा–४ निवासी सञ्जय चौधरीले गण्डक नहरभन्दा माथि बाराको जीतपुरदेखि जीराभवानीको महादेवपट्टिसम्मको प्रमुख बाटो थरुहट सडक भएको र सो सडकखण्ड हिलाम्य भएपछि आवागमन ठप्प भएर समस्या हुने गरेको बताए ।

उनले अहिले निषेधाज्ञाको कारण सवारीसाधनहरूको प्रयोग कम भएको तर अन्य बेलामा पनि यस प्रकारको समस्याले पीडित हुने गरेको बताए । सवारीसाधनहरू मात्र होइन मानिसहरू पैदलसमेत आवतजावत गर्न समस्या हुने गरेको उनको आरोप छ । यसका साथै वीरगंज–ठोरी सडकखण्डमा पनि थरुहट सडक पर्ने हुँदा ठोरीवासीलाई पनि वीरगंज आवतजावत गर्दा समस्या हुने गरेको चौधरीले बताए ।

रञ्जन निर्माण सेवाका सञ्चालक एवं प्रदेशसभा सदस्य सिंहासन साह कलवारले बेमौसमी वर्षाका कारण काम गर्न समस्या भएको बताए । उनले काम गर्ने बेला लगातार पानी पर्दा काम रोक्नुपरेको बताए । उनले वर्षाले गर्दा

(बाँकी अन्तिम पातामा)

## पर्सामा सङ्क्रमितसँगै मृत्युदर पनि घट्दो

प्रस, वीरगंज, ७ जेठ/

पर्सा जिल्लामा सङ्क्रमित सङ्ख्यासँगै मृत्युदर पनि घट्दो छ ।




तस्वीर: फाइल

बितेका केही दिनदेखि सङ्क्रमित सङ्ख्यासँगै दैनिक मृत्युदरमा पनि कमी आएको छ । वीरगंज महानगरपालिकाका करीब डेढ दर्जन अस्पतालमा अहिले कोरोना सङ्क्रमितहरूको उपचार भइरहेको छ ।

नारायणी अस्पतालमा दैनिक २८८ जनाको स्वाब नमूना पिसिआर प्रयोगशालामा परीक्षण हुने गरेको अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले बताए । उनले गत दुई सातादेखि सयभन्दा माथि सङ्क्रमित पुष्टि हुँदै आएकोमा अहिले केही दिनदेखि सङ्क्रमण दर घटेर सङ्क्रमित सङ्ख्या सयमुनि पुगेको बताए । उनले गत मङ्गलवारदेखि सयमुनि सङ्क्रमित सङ्ख्या भेटिएको बताए ।

यसैगरी, मृत्युदरमा पनि कमी आएको छ । नारायणी अस्पतालमा मात्र दैनिक ८ देखि १० जनासम्म मृत्यु भइरहेकोमा अहिले सो सङ्ख्या घटेको छ । वीरगंजभरिका अस्पतालमा दैनिक ११ देखि १५ जनासम्म कोरोना सङ्क्रमितको मृत्यु भएको तथ्याङ्क छ । बितेको दुई साता सङ्क्रमण दरसँगै मृत्युदर पनि बढेको थियो । अहिले पनि दैनिक २८८ जनाको स्वाब नमूना परीक्षण भइरहेको छ तर सङ्क्रमणसँगै मृत्युदर पनि घटेको छ । बिहीवार तीनजनाको मृत्यु भयो भने शुक्रवार साँझ ५ बजेसम्म नारायणी अस्पतालमा एकजनाको पनि मृत्यु नभएको कोभिड संयोजक डा दास बताए ।

यसैबीच, नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले बिहीवार राति ५४ जना सङ्क्रमित पुष्टि गरेको छ । अस्पतालका कोभिड संयोजक डा दासले २८८ जनाको स्वाब नमूना पिसिआर परीक्षण गर्दा ५४ जना सङ्क्रमित पुष्टि भएको उनले बताए ।

उनले पर्साका ३७ जना, बाराका १३ जना र रौतहट तथा सर्लाहीका दुई/दुई जना सङ्क्रमित पुष्टि भएको बताए । सङ्क्रमित हुनेमा १४ जना महिला र ४० जना पुरुष छन् भने उनीहरूको उमेर १४ देखि ७५ वर्षसम्म छ । सङ्क्रमितहरूको सिटी भ्यालू १६.९ देखि ३५.८ सम्म रहेको संयोजक डा दासले बताए ।

## रौतहटमा पनि निषेधाज्ञा लम्बियो

प्रस, रौतहट, ७ जेठ/

रौतहट जिल्लामा तेस्रोपटक निषेधाज्ञा थप गरिएको छ ।

रौतहटमा जारी निषेधाज्ञा जेठ १३ गतेसम्मको लागि थप गरिएको हो । जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले आगामी जेठ १३ गते राति १२ बजेसम्मको लागि निषेधाज्ञा जारी राख्ने निर्णय गरेको हो ।

कोरोना सङ्क्रमण दर कम नभएपछि जेठ १३ गते राति १२ बजेसम्मको लागि निषेधाज्ञालाई निरन्तरता दिने निर्णय भएको रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए । दिन प्रतिदिन कोरोना सङ्क्रमित र मृतकको सङ्ख्या बढ्दै गएपछि सोको नियन्त्रणका लागि थप एक साता निषेधाज्ञा लम्ब्याउने निर्णय गरिएको प्रजिअ यादवले बताए ।

निषेधाज्ञामा अति आवश्यक कामबाहेक घरबाट बाहिर निस्कन निषेध गरिएको छ । निषेधाज्ञामा खाद्य सामग्री, किरानापसल, फलफूल, तरकारी पसलहरू हप्ताको दुई दिन सोमवार र बिहीवार मात्र खोल्न दिने निर्णय यथावत् छ भने बैंक तथा वित्तीय संस्थाहरू २० प्रतिशत मात्र जनशक्ति प्रयोग गरी हप्ताको दुई दिन आइतवार र बुधवार



सुनसान रौतहट सदरमुकाम गौर नगरपालिका । तस्वीर: फाइल/प्रतीक

मात्र खोल्न दिने पूर्ववत् निर्णयलाई निरन्तरता दिइएको छ । माछा, मासु बिक्री गर्न रोक लगाइएको छ भने स्वास्थ्य मापदण्ड पालना गरी विकास निर्माण कार्य सञ्चालन गर्न इजाजत दिइएको छ । निषेधाज्ञामा औषधि तथा औषधिजन्य पसल, पेट्रोल पम्प, उद्योग, कलकारखाना २४सैं घण्टा खुल्ला राख्न भनिएको छ । अत्यावश्यक सेवाबाहेक सरकारी कार्यालय, बीमा, सार्वजनिक संस्थालगायतका कार्यालयहरूको सेवाप्रवाह स्थगित गरिएको छ भने न्यूनतम कर्मचारीको उपस्थितिमा आन्तरिक प्रशासन शाखा सञ्चालन गर्न आदेश गरिएको छ । एकै ठाउँमा रोकी सञ्चालन हुने व्यापार, व्यवसाय, हाटबजार लगाउन प्रतिबन्ध लगाइएको छ ।

त्यस्तै, अत्यावश्यक सवारीसाधन एम्बुलेन्स, खानेपानी, विद्युत्, ढुवानी तथा यातायातका साधनहरू सञ्चालनमा रहनेछन् भने अत्यावश्यक कार्यमा खटिने सरकारी नम्बर प्लेटका सवारीसाधनहरू, आधिकारिक प्रेसपास भएका सवारीसाधनहरू, स्वास्थ्यकर्मी, प्रहरी र बैंकका कर्मचारीहरूलाई पनि सवारीसाधन सञ्चालन गर्न दिइएको छ । यसबाहेक सार्वजनिक यातायातका सवारीसाधनहरू बस, ट्याक्सी, जीप, टेम्पो र निजी सवारीसाधनमा चार र दुई पाङ्ग्रे सवारीसाधन चलाउन पूर्णरूपमा रोक लगाइएको छ ।

त्यस्तै, विवाह, व्रतबन्ध, मृत्यु संस्कारलगायतका कार्यक्रममा १५ जनाभन्दा बढी सहभागी नहुन र मास्क तथा सेनिटाइजरको प्रयोग गर्न भनिएको छ । त्यस्तै, निर्माण सामग्री ढुवानी राति ८ देखि बिहान ७ बजेभित्र गर्न आदेश जारी भएको छ । जारी भएको निषेधाज्ञा आदेश उल्लङ्घन गर्नेलाई सङ्क्रामक रोग ऐन २०२० अनुसार कारबाही गर्ने जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ ।

## रौतहटका थप दुईजना सङ्क्रमितको मृत्यु

प्रस, रौतहट, ७ जेठ/

रौतहटका कोरोना सङ्क्रमित थप दुईजनाको शुक्रवार मृत्यु भएको छ ।

आज नारायणी अस्पताल र भवानी अस्पताल वीरगंजमा रौतहटका दुईजनाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ । योसँगै रौतहटमा कोरोनाबाट ६७ जनाको मृत्यु भइसकेको छ ।

यसैगरी, आज १६२ जनाको स्वाब नमूनाको पिसिआर परीक्षण गर्दा २९ जना सङ्क्रमित पुष्टि भएको जिप्रका रौतहटले जनाएको छ । त्यस्तै, १६ जना सङ्क्रमित अहिले गौर अस्पतालमा भर्ना छन् । जिल्लामा आजसम्म ९१८ जना कोरोना सङ्क्रमित छन् भने १२८ जना निको भएको बताइएको छ ।

यसैगरी, होम आइसोलेशनमा ७२४ जना, साधारण उपचारमा रहेका २३ जना र जिल्लाबाहिर चारजना उपचारमा रहेको प्रजिअ इन्द्रदेव यादवले बताए ।

## स्वास्थ्य सामग्री अस्पताललाई हस्तान्तरण

प्रस, वीरगंज, ७ जेठ/

वीरगंजका सामाजिक कार्यकर्ता अक्सिजन कन्सेन्ट्रेटर २ थान, अक्सिमिटर १० थान, पिपिई सेट १०



अस्पताललाई हस्तान्तरण गरिएका स्वास्थ्य सामग्रीहरू । तस्वीर: सौजन्य

प्रकाश थारूले राधा पौडेल फाउन्डेशनबाट प्राप्त स्वास्थ्य सामग्रीहरू शुक्रवार नारायणी अस्पताललाई हस्तान्तरण गरेका छन् ।

राधा पौडेल फाउन्डेशन, काठमाडौंले थान, स्यानेटरी प्याड २५ प्याकेट र फेसशिल्ड ५० थान प्राप्त भएको र सो स्वास्थ्य सामग्री नारायणी अस्पतालका मेसु डा वीरेन्द्र प्रधानलाई हस्तान्तरण गरिएको बताए ।

## विचारसार र सूक्तिहरू

**सहिष्णुता सद्‌गुणहरूको आधारशिला हो ।**

**–बेकन**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## तुजुक हरायो

**राष्ट्रियसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवार खिमलाल देवकोटाको विजयसँगै अहिलेसम्म बलवान् देखिएका प्रधानमन्त्री ओलीको तुजुक हराएको छ। जस्तोसुकै परिस्थितिमा आफूलाई दरोगरी उभ्याउन अहिलेसम्म सफल हुँदै आएका प्रधानमन्त्री ओलीका लागि यो निर्वाचन पार्टीगत र आत्मगत दुवै दृष्टिले महत्त्वपूर्ण र प्रतिष्ठाको कुरा थियो। रामबहादुर थापा 'बादल' माओवादी केन्द्र छोडेर ओलीको शरण परेका थिए। यसबाट उनको सांसद पद खोसिएको त थियो नै, अल्पमतमा परेका प्रधानमन्त्रीलाई साथ दिएर उनले ओलीप्रति जुन वफादारी देखाएका थिए, त्यसको प्रतिफल पनि पाउन सकेनन्। थापा एकजना राजनीतिका नयाँ खेलाडीसँग हार खान पुगे। यद्यपि देवकोटा स्वतन्त्र उम्मेदवार भएपनि देशका चर्चित आर्थिक लेखक, व्यवस्थापन क्षेत्रका जानकार, विद्वान् व्यक्ति हुन्। र उनलाई ओलीविरोधी सबै राजनीतिक दलको साथ थियो। कुनै पनि देशको शासनसत्ताको अवस्था कस्तो छ भन्ने देखाउन मध्यावधि निर्वाचनले अहम् भूमिका खेलेको हुन्छ। प्रतिष्ठा र सरकारको सबै शक्ति खर्चेर पनि देशका प्रतिष्ठित नेतालाई जिताउन नसक्नुमा अन्यान्य कारणका साथै समग्रमा ओलीको प्रभाव घटेको देखिन्छ।**

**यो सबक हो। सरकारसँग आफ्नै पार्टीका नेताहरू रुष्ट छन्। ताक पर्दा जसलाई पनि उपयोग गर्ने, काम सकिएपछि रछ्यानमा मिल्काउने प्रवृत्तिले अन्ततः ठोकर खानैपर्छ। बुद्धिमानी त अब आफ्नो कार्यनीति र सोचमा परिवर्तन ल्याउनु नै हो। किनकि राजनीतिमा कसैको पनि स्थायी हार वा स्थायी विजय हुँदैन। अहिले जुन परिस्थिति उत्पन्न भएको छ, त्यसको गन्तव्य अन्ततः मध्यावधि निर्वाचन नै हो। राष्ट्रपतिले नयाँ सरकार बनाउने आह्वान गरेकी छन्। हिजो अन्य प्रतिपक्षी दलहरू मिलेर सरकार बनाउन सकेका थिएनन् र संसद्मा विश्वासको मतमा पराजित ओली पुनः तेस्रो कार्यकालका लागि प्रधानमन्त्री बनेका थिए। यसपटक फेरि ओलीबाहेकको गठबन्धनको सरकार बन्न सकेन भने मध्यावधि निर्वाचनको विकल्प छैन। र निर्वाचन जित्नका लागि जनता रिझ्निनुपर्छ। बितेको तीन वर्ष बढीको कार्यकालमा ओली सरकारले आलोचित धेरै र प्रशंसनीय थोरैमात्र काम गरेको छ। भ्रष्टाचार बढेको छ, कोरोना व्यवस्थापनमा असफल साबित भएको छ, पार्टीमा विभाजन छ। हिजोको राष्ट्रवादी छवि धूमिल भएको छ। मध्यावधि निर्वाचन नहुँदा पनि सङ्घीयता वरण गरेको दोस्रो आम निर्वाचन अब धेरै दिन बाँकी छैन।**

**यी सबै परिस्थितिमा प्रधानमन्त्री ओली यदि आफ्नो छवि सुधार्ने काममा लाग्दैनन् भने उनको पार्टीले सन्तोषजनक जीत हात पार्न सक्दैन। के ठेकान तबसम्म पार्टी नै एक ढिक्का रहन्छ कि रहँदैन ! अहिले देश आर्थिकरूपले जर्जर छ, सारा देश क्रियाहीन बनेको छ, कोरोना उपचारमा प्रयुक्त हुने खोपसमेत कमिशनले गर्दा प्रभावित भएको बेला अन्धो मतदाता पनि ओलीको समर्थनमा अघि नसर्ला ! सुशासनको नाममा प्रधानमन्त्री नै संलग्न रहेको स्पष्ट देखिने खालका प्रिंटिङ प्रेस घोटाला, प्रधानमन्त्री निवास परिसरको दुर्नाम ललितानिवास प्रकरणमा नजीकका मन्त्रीको संलग्नताजस्ता आरोपणले उनको थोरै कामलाई ढाकिदिएको छ। जस्तै बल गरे पनि पित्कोजत्तिको असल काम देखिनेछैन। तुजुक हराएको यतिबेला जति अवसर छ, तुजुक छाडेर कोरोनाविरुद्ध युद्धमा इमानदारीपूर्वक लाग्नु नै श्रेयस्कर हुनेछ।**

# महामारीमा बढ्दो भ्रष्टाचार


अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com


पछिल्लो समय कोरोना महामारी डढेलोझैं फैलिंदै गएको छ। गत वर्षको आर्थिक वृद्धिलाई नकारात्मक बनाएको लकडाउन नै फेरि विकल्पका रूपमा उभिएको छ। कोरोनाको कहर बढिरहेको अवस्थामा भ्रष्टाचारले अर्थतन्त्रमा थप चुनौती र जटिलतातर्फ सङ्केत गरिरहेको छ। कोरोना महामारी र सङ्कटका बेला झन् बढी अनियमितता र चलखेल भएका घटना बढ्दोरूपमा सुनिन थालेका छन्। कोभिड–१९ को जारी महामारीको समयमा यस्तै परिदृश्य देखिएका छन्। समय सान्दर्भिक शासकीय सुधार नहुनु तथा पारदर्शिता र जवाफदेहिताको कमीले दिन प्रतिदिन भ्रष्टाचारले प्रश्रय पाइरहेको छ। पछिल्लो समयमा विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरूको अध्ययनले नेपालमा भ्रष्टाचार झन् मौलाएको तथ्य प्रस्तुत गरेको छ। भ्रष्टाचार न्यूनीकरण र शासकीय सुधारका निमित्त गरिएका प्रयास प्रभावकारी देखिएका छैनन्। कोरोनाविरुद्ध खोप खरीद प्रक्रियामा समेत कमिशन खान एजेन्टहरू लागिपरेको समाचार बाहिरिएसँगै महामारीमा पनि व्यापारिक संस्थाहरू कमिशन खान कसरी लाग्छन् भन्ने छर्लङ्ग भएको छ। कैयौं साना र गरीब मुलुकले कोरोनाविरुद्ध खोप पाउन नसकिरहेको बेला सरकारले आफ्ना नागरिकलाई जोगाउन ५० लाख डोज खोप भारतको सेरम इन्स्टिच्युटबाट खरीद गर्ने भएको थियो। तर स्थानीय एजेन्टको दबाबमा सरकार आफ्नै निर्णय कार्यान्वयन गराउने मामिलामा अनिर्णयको बन्दी बन्न पुगेको छ। यसअघि सरकारले भारतकै सेरम इन्स्टिच्युटबाट १० लाख डोज खोप ल्याएको पनि थियो।

सेरम इन्स्टिच्युटसँग नेपाल सरकारले गरेको सहमति नेपालकै उसको एजेन्ट हुकुम डिस्ट्रिब्युसन एन्ड लजिस्टिक प्रालिले कुल रु ३२ करोड ४३ लाख कमिशनको दाउमा हाललाई रोकिदिएको छ। यसबाट झन्डै तीन करोड नेपाली जनताको जीवनमाथि खेलबाड हुन गएको स्पष्ट छ। जनवरीमा भएको समझदारीमा पहिलो खेपमा १० लाख डोज खोप फरवरीमा पठाउने र दोस्रो खेप मार्चमा पठाउने कबोल गरिए अनुसार १० लाख डोज खोप नेपाल आयो। त्यसै आधारमा सरकारले सबै जोखिम समूहसम्म खोप पुऱ्याउन सकिने विश्वास लियो। तर स्थिति त्यति बेला पल्टियो, जब स्थानीय एजेन्ट आफ्नो कमिशनका लागि सक्रिय भयो। खोप खरीदमा देखिएको कमिशनको खेलले रेन्ट सिकिङ प्रवृत्तिको वास्तविक अनुहार त देखिएको छ नै, यसले यहाँका राजनीतिज्ञ र प्रशासकप्रति पनि शङ्काको दृष्टि पर्न गएको छ। किनभने कुनै पनि व्यवसायीले राजनीतिज्ञ र प्रशासकको सहयोगविना यस्तो काम गर्न सक्दैन। एउटा कुरा के हो भने कमिशन एजेन्ट, तिनलाई संरक्षण गर्ने राजनीतिक नेतृत्व र स्वास्थ्य मन्त्रालयबीच चलेको रस्साकस्सीले खोप ल्याउने समय गुज्रिंदै जाँदा भारतमा कोरोनाको दोस्रो लहरले च्याप्दै लग्यो र भारतमैं खोपको माग तथा आपूर्तिबीच ठूलो खाडल सिर्जना भयो। यी सबै घटनाक्रमको कुल योग नेपालमा खोप आउन सकेन।

सेरमसँग भएको प्रारम्भिक सम्झौता र एजेन्टको चलखेलकै बीच स्वास्थ्य मन्त्रालयले खोप खरीदको अवसर गुमायो। सेरमसँग मात्र होइन, कुनै वैकल्पिक व्यवस्थापनतिर पनि सरकारको ध्यान जान सकेन। विश्वभरका मुख्यतः अविकसित देशहरूले सामना गर्नुपर्ने प्रमुख तीन ज्वलन्त समस्या 'श्री सी' अर्थात् कोभिड–१९ को प्रभाव, जलवायु परिवर्तन र भ्रष्टाचार हुने बताएका छन्। कोभिडको विश्वव्यापी महामारीले पैदा गरेको स्वास्थ्य तथा आर्थिक सङ्कट, मौसम र वातावरणीय प्रभावले सिर्जना गरेको जलवायु परिवर्तन र शासकीय गैरजिम्मेवारीले मौलाउँदो भ्रष्टाचारले दिगो विकासको लक्ष्य हासिल गर्न ठूलो अड्चन हुने देखिएको छ। अल्पविकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुन चुनौती थपिएको छ। त्यस्तै, ट्रान्सपरेन्सी इन्टरनेशनलका अध्यक्ष डेलिया फरेरा रूबियाले पनि कोभिड सङ्क्रमणले विश्वव्यापीरूपमा स्वास्थ्य एवं आर्थिक मात्र नभई भ्रष्टाचार पनि विकराल हुँदै गएको उल्लेख गरेकी छन्।

नागरिकको जीवनस्तर सुधार, न्यायमा पहुँच, विकास निर्माण, भ्रष्टाचार न्यूनीकरणबाट मुलुकको सुशासनको सभ्य यात्रा तय हुने संविधानको परिकल्पना अनुसारका उपलब्धि हासिल हुने कुनै लक्षण देखिएको छैन। संविधान अनुरूप कानून र नीति निर्माण भएपनि भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गराउन सरकार चुकेको छ। सरकार आफैंले भ्रष्टाचारीहरूको संरक्षण गरेको साथै कुशासनलाई बढाएको आम जनगुनासो व्यापक छ। अहिले सरकार नियमनकारी भूमिकाभन्दा भ्रष्टाचारीको संरक्षणकारी भूमिकामा देखिंदा भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गराउन थप चुनौती देखिएको छ। शक्ति पृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तबमोजिम राज्यका अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा सन्तुलनभन्दा एकअर्काबीच हस्तक्षेप, शक्ति सङ्घर्ष र आरोप–प्रत्यारोप घनीभूत भएको छ। दलीय स्वार्थका कारण कार्यपालिकाको सनकी निर्णयमा जनप्रतिनिधिमूलक व्यवस्थापिका विघटन गरिए पनि न्यायपालिकाले पुनर्स्थापित गरिदिएको अवस्था छ। निर्वाचित सरकार जनसरोकारभन्दा एकपछि अर्को भ्रष्टाचारको प्रकरणमा रुमलिएको छ।

महामारीको समयमा कोभिडविरुद्ध खोप खरीदमा कमिशनको घिनलाग्दो चलखेल, औषधि र स्वास्थ्य सामग्री खरीदमा अनियमितता, बालुवाटार ललितानिवास जग्गा विवाद, प्रिन्टिङ प्रेस खरीदमा ७० करोडको टेप प्रकरण, यती होल्डिङदेखि ओम्नीसम्मका प्रकरण, यातायात सिन्डीकेटसम्मका अनेक काण्डैकाण्डले सरकारको भ्रष्ट स्वरूप उदाङ्गो पारेको छ। त्यसमा पनि भ्रष्टाचार छानबीनमा परेका व्यक्तिहरूलाई नै राजनीतिक नियुक्ति दिएर जिम्मेवारी सुम्पिनुले नागरिकमा सरकारप्रति विश्वसनीयता कम हुँदै गएको छ। राजनीतिक भागबन्डा मिलाउन गम्भीर अपराधका दोषी कैदीहरूलाई आममाफी दिइएको छ। मुलुकको भ्रष्टाचार नियन्त्रणमा राजनीतिक संरक्षण नै प्रमुख समस्या भएको सरोकारवालाहरूले औंल्याएका छन्। ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले पछिल्लो समय राजनीतिक दल र सरकारले नै भ्रष्टाचारीको संरक्षण गरेको प्रतिवेदन सार्वजनिक गरेको छ। भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि दलका नेताहरूले सुध्रिने प्रतिबद्धता जनाए पनि त्यसको पालना गर्न सकेका छैनन्।

संवैधानिक निकायले स्वतन्त्र र निष्पक्ष कार्यसम्पादन गर्न नसक्दा भ्रष्टाचारका लागि अनुकूल वातावरण मौलाउँदो, सुशासन खस्कँदो अवस्थामा छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोगलगायतमा पछिल्लो समय राजनीतिक हस्तक्षेप बढी देखिएको छ। जस कारण ती निकायबाट संविधानको मर्मबमोजिम अपेक्षाकृत कार्यसम्पादन हुन सकेको छैन। मौलाउँदो भ्रष्टाचार सङ्घ, प्रदेश हुँदै स्थानीय सरकारसम्म व्यापकणरूपमा विस्तारित भएर गएको छ। महालेखापरीक्षकको पछिल्लो प्रतिवेदनमा स्थानीय सरकारको बेरुजुमा अप्रत्याशित वृद्धि भएको देखिन्छ। कोभिड महामारीमा स्थानीय सरकारले गरेका खर्च अपारदर्शी मात्रै छैनन्, आर्थिक अनुशासन र मितव्ययिताका सबै हद पार गरेको देखिएको छ। डोजर आतङ्क, जथाभावी भ्यु टावर निर्माणजस्ता अनुत्पादन भए–गरेका कामकारबाईको कुनै लेखाजोखा छैन। त्यसले निम्त्याउने आर्थिक, सामाजिक, स्वास्थ्य, वातावरणीय हिसाबले दूरगामी दुष्प्रभाव निकै भयावह हुने निश्चित छ।

**कोभिड महामारीमा स्थानीय सरकारले गरेका खर्च अपारदर्शी मात्रै छैनन्, आर्थिक अनुशासन र मितव्ययिताका सबै हद पार गरेको देखिएको छ। डोजर आतङ्क, जथाभावी भ्यु टावर निर्माणजस्ता अनुत्पादन भए–गरेका काम कारबाईको कुनै लेखाजोखा छैन।**

भ्रष्टाचारका लागि राजनीतिक दलभित्रको अपारदर्शिता प्रमुख कारण देखिएको छ। राजनीतिक दलको अनियमितता, महँगो निर्वाचन प्रणाली, अपारदर्शी चुनावी खर्च, टिकट किनबेचको गैरकानूनी धन्दा आदिले मलजल गरेको छ। भ्रष्टाचार मौलाउनुमा निजी क्षेत्र र नागरिकको पनि उत्तिकै भूमिका रहेको देखिन्छ। विधायिकाले नीति नियम, कानून निर्माणमा जोड दिने कि विकास निर्माणमा, अन्योल बढ्दो छ। निर्वाचन क्षेत्र विकास कार्यक्रममार्फत आर्थिक अनियमितता मात्र होइन, नीतिगत र संस्थागत अनियमितता सबैतिर विस्तारित भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै पछिल्लो वार्षिक कार्यप्रगति प्रतिवेदनले पनि गत वर्षभन्दा यो वर्ष धेरै भ्रष्टाचारका मुद्दा मामिलामा कार्यसम्पादन गरेको देखाउँछ। तर पछिल्लो समय केही प्रभावकारी देखिएको आयोगले सञ्चालन गरेको स्टिङ अपरेशन न्यायालयले रोकिदिएको छ। अनुसन्धानका लागि त्यसको विकल्प के भन्ने अन्योल छ। त्यस्तै, कर्मचारीतन्त्रमा देखिएको चरम अनियमितता र भ्रष्टाचारको शृङ्खलाले अर्को निराशाजनक दृश्य देखाउँछ। गुणस्तरहीन निर्माणको समस्या डरलाग्दो छ। राष्ट्रिय गौरवका बहुप्रतीक्षित आयोजनाहरूमा भएका न्यून प्रगति, ढिलासुस्ती एवं चरम लापरवाहीले विकासप्रति नागरिकको आशा निराशामा बदलिइरहेको छ। त्यसैले विगतदेखि नै मौलाउँदो भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्न र गराउन सकिएन भने समृद्धिको नागरिकको चाहना र संविधानको परिकल्पना पूरा नहुन सक्छ। भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि दलका नेताहरूले व्यापक शुद्धीकरणको प्रतिबद्धता जनाउनैपर्छ। सरकारहरूले पारदर्शिता र जवाफदेहिता देखाउनैपर्छ। संवैधानिक निकायहरूले संविधानको मर्म र नागरिकको अपेक्षा अनुरूप निष्पक्ष र स्वतन्त्ररूपमा कार्य सम्पादन गर्नैपर्छ।

# क्याटद्वारा अक्सिजन उद्योगको अनुगमन

प्रस, विन्दवासिनी, ७ जेठ/

कोभिड एक्शन टीम (क्याट) पर्साले वीरगंज महानगरपालिका–२१ परवानीपुरस्थित मधु अक्सिजन उद्योगमा शुक्रवार अनुगमन गरेको छ।

वीरगंज महानगरका अस्पतालहरूमा कोरोना सङ्क्रमितका लागि अक्सिजनको अभाव भएको समाचार प्रकाशित भएपछि क्याटले अक्सिजन उद्योगहरूको अनुगमन थालेको क्याटका सदस्य तबरेज अहमदले बताए।

मधु अक्सिजन उद्योगले कोरोना सङ्क्रमितहरूको जीवनरक्षाका लागि सहज आपूर्ति व्यवस्था मिलाएको सदस्य अहमदले बताए। उनले जिल्लाका निजी तथा सरकारी अस्पताललाई दैनिक करीब ६ सय अक्सिजन सिलिन्डर उपलब्ध गराउँदै आएको अनुगमनको क्रममा उद्योगका सञ्चालक रिङ्कु रौनियारले जानकारी गराएको बताए। अनुगमनको क्रममा क्याट टीमलाई उद्योग सञ्चालक रौनियारले सङ्क्रमणको यो क्षणमा अक्सिजनको माग निकै बढेको र आफ्नो उद्योगले जनशक्ति र क्षमता अनुसार उत्पादन गरी सोहीअनुरूप वितरण गर्दै आएको जानकारी गराएका थिए। सञ्चालक रौनियारले आफ्नो पहिलो प्राथमिकता जिल्लामा सङ्क्रमितको उपचार गर्दै आएका अस्पतालमा अक्सिजनको अभाव नहोस् भन्ने रहेको र सोही अनुसार वितरण गर्दै आएको बताए।



तस्वीर: प्रतीक

अनुगमनमा क्याट पर्साका संयोजक एवं जिल्ला समन्वय समितिका सभापति नेकमहमद अन्सारी, सदस्यहरू श्याम पटेल, सञ्जीव मिश्रका साथै पत्रकार अमित अग्रवाल, क्याटका स्वयंसेवक अफरोज अन्सारीलगायतको सहभागिता थियो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# गाजापट्टीमा युद्धविराम, खुशियालीमा प्यालेस्टिनीहरू सडकमा

गाजा सिटी, ७ जेठ/एपी

प्यालेस्टिनीको बसोवास रहेको गाजापट्टीमा ११ दिनदेखि जारी आक्रामक कारबाई रोक्न इजरायल सरकार र गाजाको विद्रोही सङ्गठन हमासबीच बिहीवार युद्धविराम भएको छ।


युद्धविरामको स्वागतमा खुशियाली मनाउँदै गाजापट्टी निवासी। तस्वीरः रायटर्स

दुई पक्षबीच युद्धविराम बिहीवार राति २ बजेदेखि लागू भएको थियो। युद्धविरामको घोषणासँगै प्यालेस्टिनी नागरिक खुशीले मध्यरातमैं गाजाका सडकमा निस्केका थिए।

गाजापट्टीमा सक्रिय हमास समूहका लडाकूविरुद्ध आक्रामक कारबाई गरेको इजरायलले संयुक्त राज्य अमेरिकासमेत अन्तर्राष्ट्रिय समुदायको बारम्बारको अनुरोधलाई स्वीकार्दै युद्धविराम गरेको हो।

हमास समूहको शक्ति निस्तेज नपारेसम्म जारी आक्रमण नरोक्ने भन्दै इजरायली सेनालाई प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले निर्देशन दिइरहेका थिए।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणबाट कम्तीमा २३० जनाको मृत्यु भएको छ, जसमा ६५ जना बालबालिका र ३९ जना महिला छन्। आक्रमणबाट एक हजार ७१० जनाभन्दा बढी घाइते भएका छन्। हमास र इस्लामिक जिहादले आफ्ना कम्तीमा २० जना लडाकू मारिएको जनाएको छ तर इजरायलले १३० जना हमास लडाकू मारिएको दाबी गरेको छ।

इजरायली आक्रमणको त्रासका कारण झन्डै ५८ हजार प्यालेस्टिनी विस्थापित भएका छन्।

इजरायलतर्फ पाँच वर्षका एक बालकसहित १२ जनाको मृत्यु भएको छ। इजरायली आक्रमणबाट कम्तीमा १८ वटा अस्पताल र क्लिनिकमा क्षति पुगेको छ भने एउटा स्वास्थ्य संस्था क्षतिग्रस्त भएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।

पछिल्लो युद्ध शुरूभएयता गाजामा सरकार चलाइरहेको हमासका लडाकूले इजरायलमाथि हजारौं क्षेप्यास्त्र प्रहार गरेका थिए।

अमेरिकी राष्ट्रपति जो बाइडेनले प्रधानमन्त्री नेतन्याहूलाई एक हप्ताको अन्तरालमा चारपटक फोन गरी युद्धविराम गरी आक्रामक कारबाई स्थगन गर्न आग्रह गरेका थिए। आर्थिकरूपमा जर्जर एवं इजरायली नाकाबन्दीका कारण जनजीवन कष्टप्रद रहेको गाजापट्टीमा पछिल्लो युद्धका कारण मानवीय र भौतिक क्षति बढ्दै गएपछि बाइडेन प्रशासनमाथि युद्धविराम गराउन चौतर्फी दबाब बढेको थियो।

इजरायल र हमासबीच पछिल्लो युद्ध गत मे १० तारिखदेखि शुरू भएको हो। पूर्वी जेरुसेलमस्थित अल अक्सा मस्जिद परिसरमा प्यालेस्टिनी प्रदर्शनकारी र इजरायली प्रहरीबीच निकै दिनदेखि जारी भिडन्तपछि हमास लडाकूले जेरुसेलमलाई लक्षित गरी लामो दूरीका क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले हमासविरुद्ध कारबाई थालेको थियो।

अल अक्सा मस्जिद परिसरमा प्रहरीको दमनका साथै यहूदीहरूले दर्जनौं प्यालेस्टिनी परिवारलाई विस्थापित गर्न खोजेपछि परिस्थिति अझ जटिल बनेको थियो।

त्यसयता इजरायलले सयौं हवाई हमला गरिसकेको छ। इजरायलको भनाइमा यी आक्रमणहरू हमासका सबै किसिमका पूर्वाधार ध्वस्त बनाउन केन्द्रित रहेको छ। हमासले पनि चार हजारभन्दा बढी क्षेप्यास्त्र इजरायलतर्फ प्रहार गरेको जनाएको छ।

सन् २०१४ यताको सबैभन्दा डरलाग्दो हमला मानिएको यसपटकको युद्धलाई लिएर विश्वका विभिन्न स्थानमा इजरायविरुद्ध प्रदर्शन भएका थिए। यद्यपि पछिल्लो युद्धविराम चाँडै गरेको भन्दै इजरायली दक्षिणपन्थीहरूले प्रधानमन्त्री नेतन्याहूको आलोचना गर्न थालेका छन्।

गाजामा हमासका प्रवक्ता अब्देलतिफ अल-कानोले इजरायलले गरेको युद्धविरामको घोषणालाई 'पराजयको घोषणा' भनेका छन्। तैपनि उनले सम्झौताको सम्मान गर्ने बताएका छन्।

प्यालेस्टिनी जनताले भोग्नुपरेको समस्यामा संयुक्त राज्य अमेरिकाको बाइडेन प्रशासनले आर्थिक सहायता गर्ने घोषणा पनि गरेको छ। रासस

# एशियाली मूलका नागरिकमाथि आक्रमणका घटना बढेपछि बाइडेनद्वारा नयाँ विधेयकमा हस्ताक्षर

वाशिङ्टन, ७ जेठ/एपी/रासस

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले अमेरिकामा बसोवास गरिरहेका एशियाली र प्रशान्त क्षेत्रका मानिसविरुद्ध घृणाजन्य अपराध बढेको भन्दै त्यसलाई रोक्न बिहीवार एउटा विधेयकमा हस्ताक्षर गरेका छन्।

घृणा र जातिभेदजस्ता गतिविधिहरू अमेरिकामा बढ्नुका साथै कतिपय एशियाली मूलका अमेरिकीमाथि सार्वजनिकस्थलमैं आक्रमण हुन थालेपछि अमेरिकामा चिन्ता व्यक्त गर्न थालिएको थियो।

डेमोक्रेट र रिपब्लिकन पार्टीका कैयौं सांसदले एशियाली मूलका व्यक्तिमाथि भइरहेको आक्रमण रोक्न ल्याइएको विधेयकलाई समर्थन गरेका थिए। ह्वाइट हाउसमा बिहीवार विधेयक प्रमाणीकरण समारोहमा ठूलो सङ्ख्यामा सांसद पनि उपस्थित थिए।

गत अप्रिलमैं माथिल्लो सदन सिनेटले ९४-१ ले पारित गरेको उक्त विधेयकलाई यसै साता अमेरिकी तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभ्सले ३६४-६२ मतान्तरले अनुमोदन गरेको थियो।

राष्ट्रपतिको चुनावीसभाहरूमा अमेरिकी जनतालाई एकताबद्ध गर्ने पटक-पटक बताउँदै आएका राष्ट्रपति बाइडेनले विधेयक प्रमाणीकरण कार्यक्रममा घृणा र जातिभेदलाई सबैले मिलेर परास्त गर्न जोड दिए।

नयाँ कानूनले न्याय विभागलाई कुनै पनि किसिमका घृणाजन्य अपराधका विषयमा समीक्षा गर्ने बाटो खुलेको छ। रासस


कटहरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटहरिया ,रौतहट
प्रदेश नं २

यस कार्यालयबाट मिति २०७७।०१।१३ गते प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना ठेक्का नं. NCB/02 kATMUN/2077/078 (Construction of RCC Truss Building) जनता आवास भवन निर्माण वडा नं. २ कटहरियामा, सार्वजनिक खरीद ऐन २०६३ को दफा १० को उपदफा ५ बमोजिम निश्चित कार्यमा बाहेक दुई करोड रुपैयाँसम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरीदमा बोलपत्रदाता वा प्रस्तावदाताको योग्यता निर्धारण गरिनेछैन भनी उल्लेख भएकोमा उक्त बोलपत्र आह्वानको सूचनामा अन्यथा हुन गएको हुँदा भूलसुधार गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

-प्रमुख प्रशासकीय अधिकृत


## आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुपराजय | वृष – सुसमाचार |
| मिथुन – भयचिन्ता | कर्कट – मित्रमिलन |
| सिंह – अतिथिआगमन | कन्या – भाग्योदय |
| तुला – व्यर्थभ्रमण | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – राज्यलाभ |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


प्रदेश सरकार
प्रदेश नं २
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास इकाई, वीरगंज, पर्सा-नेपाल
Email: <birgunjsdu@gmail.com>
प्रकाशन मितिः २०७८/०२/०८

विषयः दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयको मिति २०७८/०१/२२ को निर्माणसम्बन्धी सूचना 'प्रतीक दैनिक'मा प्रकाशित सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित दरभाउपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. स्वीकृतिको लागि छनोट भएका दरभाउपत्रदाताको नाम र ठेगाना : शिवशक्ति निर्माण सेवा, धोबिनी गापा, घोडदौड पिप्रा, पर्सा
२. कबोल अङ्क रु. १६,७४,७४३.४७ (भ्याटबाहेक)


# सीताको प्रभाव विस्तार


स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com


**सीताका यश र कीर्तिका गाथाहरूलाई चर्चा गर्ने विशिष्ट दिन उनको जन्मदिनलाई अझ विशेष बनाउनेतिर हाम्रो समाजले अहिले विचार नगरे संस्कृतिमा पछाडि पर्ने सम्भावना पनि रहेको छ। प्रबुद्ध वर्गले सीताजयन्तीलाई पनि संस्कृतिको रूपमा विकास गरी सीताको कीर्ति र यशको अझ विस्तार गर्नेतिर पनि विचार गर्ने कि ?**

हलो जोत्दा हलोको फालीमा घैंटो अड्किएपछि निकालेर हेर्दा त्यसभित्र बालिका रहेको र यसको आधारमा ती बालिकाको नाम सीता राखिएको सन्दर्भ पाइन्छ सीताको जन्मको प्रसङ्गमा। मिथिला राज्यमा देखिएको दुर्भिक्ष निवारणका लागि नरेश सिरध्वज जनकले राज्यको सीमामा कृषियज्ञ गर्नुपर्ने अर्थात् हलो जोत्नुपर्ने थियो। त्यसै अनुसार भूमिसम्राट सिरध्वजको राजनगरभन्दा तीन योजन पश्चिम लक्ष्मणा (हाल लखनदेई) नदीको किनारमा हलो जोतिएको थियो र सीताको प्रादुर्भाव भएको थियो। सम्भवतः त्यति बेलासम्म सिरध्वजको सन्तान थिएन किनभने सिरध्वजकी वास्तविक छोरी उर्मिलालाई बहिनी भनिएको छ र त्यसै अनुसार रामको विवाह सीतासित हुँदा भाइ लक्ष्मणको विवाह उर्मिलासित भएको देखाइएको छ। सिरध्वजपुत्र भानमान (भानुमन्त)लाई पनि रामका साला नै भनिएको उल्लेख पाइन्छ। सीताको प्रादुर्भाव भएको मानिएको स्थल बिहारको सीतामढी हो। सीतामढी भन्ने शब्द नै सीताको मडईबाट भएको मानिएको छ।



सीतालाई राजनगर जनकपुर पुऱ्याइएपछि जनकको नामबाट जनकपुत्री जानकी कहलिन थालिएको देखिन्छ। जनकपुरी पनि जनक अर्थात् राजा भन्ने शब्दबाट भएको हो। जनककी पुत्रीलाई जानकी कहलिनु स्वाभाविक हो। भूमिसुता सीतालाई सीता र जानकी दुवै समान नामबाट सम्मानित गरिएको पाइन्छ।

रामराज्यको लोकप्रियता, सीताको आदर्श तथा कालान्तरमा रामायण महाकाव्यको लोकप्रियताले सीताको प्रभावको पनि विस्तार भएको देखिन्छ। मुख्यगरी हिन्दू समुदायको बाहुल्य रहेका स्थानहरूमा अहिलेसम्म रामको नाम जोडेर लाखौं मानिसले आफ्ना सन्तानको नाम राखेका छन् भने सीताको सवालमा पनि यही लागू हुन्छ। यतिमात्र नभएर राम तथा सीताको नामसित ठ्याक्कै मिल्दो नाम स्थानको पनि राखिएको पाइन्छ। यसले गर्दा राम तथा सीताको प्रभाव कति धेरै रहेको छ भन्ने प्रमाणित हुन्छ। कतिपयले कुनै ठाउँको नाम कसैले राखेकै आधारमा राम वा सीताको आगमन भएको तर्क पनि दिइरहेका हुन्छन्। उदाहरणको लागि सर्लाही जिल्लाको गोडैता नगरपालिकाको रामवन गाउँलाई लिऊँ। त्यहाँका प्रबुद्ध मानिसहरू के कुरामा विश्वस्त छन् भने वनवासको क्रममा राम यस ठाउँमा आएका थिए। यस प्रकृतिको नामलाई रामको प्रभावको रूपमा यहाँ लिइएको छ।

राम र सीताको प्रभाव हाम्रो दैनिकीदेखि सम्पूर्ण संस्कृतिमा परेको छ। अधिकांश गाउँमा रामजानकी मठकै निर्माण भएको छ र यो हजारौं वर्षदेखि चल्दै आएको छ।

वर्तमान भारतको मध्यप्रदेश अन्तर्गत पर्ने टिकमगढ अहिले जिल्ला हो तर जनकपुरको जानकी मन्दिर यहींकी महारानी वृषभानु कुँवरीले बनाएको सर्वविदित छ। तत्कालीन चलनचल्तीमा रहेको चाँदीको ९ लाख मुद्रा खर्च भएको जानकी मन्दिर निर्माण हुन करीब १७ वर्ष लागेको थियो। जानकी मन्दिरको निर्माण प्रारम्भ सन् १८८४ मा भई सन् १८११ मा सम्पन्न भएको थियो। शुरूमा नौ लखा मन्दिर भनेर चिनिएको जनकपुरको सबैभन्दा प्रसिद्ध धरोहर कालान्तरमा जानकी मन्दिरको नामले प्रसिद्ध भएको छ। अहिले सामान्यतया जानकी मन्दिर भनेपछि यही मन्दिरलाई बुझाउँछ। यद्यपि अनेक शहर र स्थानमा जानकी मन्दिर रहेको छ।

सीताराम नाम महायज्ञ अर्थात् अष्टजाम त निकै पहिलेदेखि गाउँ समाजमा हुँदै आएको छ। यसैगरी, होली, विवाह तथा अन्य परम्परागत चाडपर्वमा गाइने विभिन्न गीतमा पनि सीता वा राम वा दुवैजनाको नाम अनेक सन्दर्भ र रूपमा आउने गरेका छन्। दुई सम्धीको भेट हुँदा पनि रामराम वा सीताराम। कसैको जन्म हुँदा पनि राम। छोरी जन्मिंदा सीता वा लक्ष्मी। कुनै चिजको गन्ती शुरू गर्दा पनि रामेराम, राम। हरेक गन्तीपछि रामको उच्चारण। सुत्दा पनि सीताराम। बिहान उठ्दा पनि सीताराम। मृत्युमा पनि रामराम। यसबाट यो स्पष्ट हुन आउँछ कि सीतासहित रामको विस्तार हाम्रो संस्कृतिको अन्तर्यसम्म फैलिएको छ।

पश्चिम नेपालमा पनि जानकीको प्रसिद्धि यही दुई नामबाट झल्किन्छ। बाँके जिल्लाका स्थानीय तहमध्ये एक हो जानकी गाउँपालिका। यसैगरी, कैलाली जिल्लाका स्थानीय तहमध्ये एक हो जानकी गाउँपालिका।

जानकी अस्पताल, जानकी मेडिकल कलेज, जानकी क्लब यस्ता सङ्घसंस्थाको सङ्ख्या त धेरै नै हुनुपर्छ। सीता चोक वा जानकी चोक तथा बजार पनि हुन सक्छन्। भारतमा सीतानगर सिंचाइ परियोजना पनि सञ्चालनमा छ। यसबाट सीतानगर कुनै बस्तीको नाम तथा सिंचाइ परियोजनाको नाम पनि भएको स्पष्ट हुन्छ। एउटा ग्राम पञ्चायतको नाम पनि सीतानगर भएको उल्लेख पाइन्छ। उत्तर प्रदेशमा त एउटा जिल्लाको नाम नै सीतापुर रहेको छ। साथै सीतापुर जिल्लाको सदरमुकाम पनि सीतापुर शहर नै रहेको छ। देशको राजधानी काठमाडौंमा सीतापाइला क्षेत्र रहेको छ।

धेरैको घरमा राम र सीताको मूर्ति (प्रतिमा) वा फोटो राखेर पूजा गरिन्छ। राम र सीताको प्रमुखतामा लेखिएको रामायणलाई पूजा नगर्ने वा धार्मिक ग्रन्थ नमान्ने कमै होलान्। यस ग्रन्थलाई नै धर्मको प्रतीक मान्ने हिन्दू समाज रहेको प्रति सम्भवतः कसैको पनि दुई मत नहोला।

टेलिभिजनमा जब रामायण कतैबाट प्रसारण हुन्छ, तब श्रद्धा वा भक्तिपूर्वक हेर्नेहरू करोडौंको सङ्ख्यामा छन्। यी सबैबाट रामसँगै सीताको भावनात्मक विस्तार कति व्यापक रहेको छ भन्ने कुरा यहाँ स्पष्ट पार्न खोजिएको छ।

नेपालको राष्ट्रिय विभूतिमा समेत सीता रहेकी छन्। यसरी कल्पनाको मानिने महाकाव्यदेखि अनेक मिथकसम्म अनि यथार्थ र इतिहास मानिने राष्ट्रिय विभूतिसम्म सीताको विस्तार भएको पाइन्छ।

वास्तवमा सीताको व्यापकता यति धेरै रहेको छ। यति व्यापक नामको जन्मजयन्ती किन मनाइँदैन ? विभिन्न तथ्यले वैशाख शुक्ल नवमी तिथिका दिन सिरध्वजले कृषियज्ञ गरेको वा सीताको प्रादुर्भाव भनी मानिएको विभिन्न ग्रन्थले उल्लेख गरेको तथा संस्कृतिलाई प्राथमिकता दिएर प्रकाशन हुने क्यालेन्डरहरूले यस तिथिलाई सीताजयन्ती भनेर उल्लेख गर्न थालेका पनि छन्। केही वर्ष रौतहटको कटहरिया नगरपालिकाले सीताजयन्ती भव्यतापूर्वक मनायो। प्रदेश सरकार गठन भएपछि प्रदेश सरकारले यस दिन बिदा दियो पनि एक/दुई वर्ष। जनकपुर उपमहानगरपालिका र जानकी मन्दिरसित सम्बन्धित संस्थाहरूले केही वर्ष जानकी जन्मोत्सवलाई भव्यतापूर्वक नमनाएको होइन। भारत बिहारको सीतामढीमा पनि जानकी जन्मजयन्ती भव्यतापूर्वक मनाइन्छ। अन्यत्र पनि औपचारिकरूपमा यस जयन्तीलाई मनाइँदो हो। यद्यपि रामको जन्म भएको रामनवमी, कृष्णाको जन्म भएको कृष्णाष्टमीजस्तै सीताको जन्मजयन्ती सर्वसाधारणका लागि किन संस्कृति बन्न सकेको देखिंदैन ?

नजीकको तीर्थ हेला भएको त होइन ? धर्म र संस्कृतिमा आस्था राख्ने हाम्रो समाज यस मामिलामा भने केही पछाडि परेको हो कि ? सीताको नाम र कर्मको जति विस्तार हुनुपर्ने हो त्यति अझ हुन सकेको छैन कि ? सीतालाई सम्मान गर्ने, भगवती मान्ने, पूजा गर्ने तर उनको जन्मदिनलाई विशेष दिन मानेर तिनको विषयमा बढी चर्चा गर्ने वा प्रेरणा लिने संस्कृतिको विकास हुन अझै बाँकी छ। वास्तवमा सीताको बारेमा हाम्रो समाजले धेरै कुरा जान्न बाँकी रहेको छ। सीताको भूमिमा प्रचलनमा रहेका अनेक किंवदन्तीहरूलाई समेट्नु र सङ्ग्रह गरेर जस्ताको तस्तै घरघरमा पुऱ्याउनु आवश्यक रहेको छ। सीताका यश र कीर्तिका गाथाहरूलाई चर्चा गर्ने विशिष्ट दिन उनको जन्मदिनलाई अझ विशेष बनाउनेतिर हाम्रो समाजले अहिले विचार नगरे संस्कृतिमा पछाडि पर्ने सम्भावना पनि रहेको छ। प्रबुद्ध वर्गले सीताजयन्तीलाई पनि संस्कृतिको रूपमा विकास गरी सीताको कीर्ति र यशको अझ विस्तार गर्नेतिर पनि विचार गर्ने कि ?

# सघन उपचारमा दक्ष जनशक्तिको अभाव

चितवन, ७ जेठ/रासस

कोरोना भाइरसको दोस्रो लहर चलिरहँदा अस्पताल आउने अधिकांश सङ्क्रमितलाई सघन उपचार कक्षको



तस्वीरः फाइल

जरुरत हुने गरेको छ। तीमध्ये कतिपयलाई भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने बाध्यता छ।

सम्भवतः नेपालका अस्पतालमा यतिधेरै बिरामीलाई सघन उपचार कक्षमा राखेर उपचार गरिरहेको यो पहिलो घटना हो। हरेक दिन कोभिडका कारण मृत्यु हुनेहरूको सङ्ख्या बढेको छ। त्यसो त थोरै सघन उपचार कक्ष सञ्चालन गरिरहेका अस्पतालले बिरामीको चापपछि यो सङ्ख्या निकै बढाएका छन्।

भरतपुर अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका वरिष्ठ फिजिसियन डा भोजराज अधिकारी सघन उपचार कक्षमा काम गर्ने दक्ष जनशक्तिको अभाव रहेको बताउँछन्। एनेस्थेसियोलोजिस्ट र फिजिसियनहरूले बिरामी हेरिरहेको भएपनि तालीमप्राप्त नर्सिङ सेवा दिन सक्ने पर्याप्त जनशक्ति नभएको अधिकारीको भनाइ छ। उनले भने, "यो युनिटमा काम गर्ने महत्त्वपूर्ण भूमिका नर्सिङको हुन्छ, उहाँहरूलाई हामीले तालीम दिन सकेका छैनौं।" कोभिडको पहिलो लहरसँगै दोस्रो लहर आउन सक्ने सम्भावना भएपनि त्यसतर्फ ध्यान दिन नसक्दा अहिले समस्या भएको उनको बुझाइ छ।

विदेशमा नर्सहरूलाई क्रिटिकल केयरसम्बन्धी विशेष पढाइ र तालीम दिने गरेको भएपनि नेपालमा त्यस खालको तालीमसमेत हुन नसकेको उनको भनाइ छ। कोभिडका बिरामीको मृत्युको कारण रोग भएपनि दक्ष जनशक्तिको अभावका कारण जति बचाउन सकिन्थ्यो, त्यसबाट चुकेको अधिकारी स्वीकार्छन्। अधिकारीले भने, "सरकारलाई ध्यानाकर्षण गराउनका लागि मृत्यु भएकाहरूको कारण खोजी (मोर्टालिटी अडिट) गर्नुपर्छ।"

जिल्लाको सरकारी सङ्घीय अस्पताल भरतपुरमा सघन उपचारका लागि विशेष तालीम लिएका जनशक्ति छैनन्। अधिकारीको भनाइमा क्रिटिकल केयरमा (सघन उपचार)मा यहाँका मेडिकल कलेज अगाडि छन्।

चितवन मेडिकल कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्राडा हरिश्चन्द्र न्यौपाने देशमा नै सघन उपचार (क्रिटिकल केयर)को आवश्यक सङ्ख्यामा जनशक्ति नभएको बताउँछन्। उनले भने, "सघन उपचारको दक्ष जनशक्तिको अभावमा पनि हामीले धेरै नोक्सान बेहोर्नुपरेको छ।" सरकारलाई विदेशमा जस्तै गरी नेपालमा पनि बिएस्सी, एमएस्सी नर्सिङमा क्रिटिकल केयर पढाउनुपर्ने सुझाव दिँदै आएको न्यौपानेको भनाइ छ। उनले भने, "मुख्यरूपमा क्रिटिकल केयर नर्सिङ जरुरत भयो।"

चितवन मेडिकल कलेजमा क्रिटिकल केयरसम्बन्धी अध्ययन गरेका एनेस्थेसियाका १२, डिएम ८ र फेलोशिप गरेका ६ जना रहेको भन्दै उनले यो जनशक्ति अन्य अस्पतालमा नभएको दाबी गरे। अस्पतालले यही जनशक्तिको सहयोगमा आन्तरिकरूपमा नर्सलाई वर्षको चारपटक सघन उपचारका विषयमा तालीमसमेत दिँदै आएको उनले जानकारी दिए।

कोरोनाको तेस्रो लहरमा बालबालिका बढी प्रभावित हुने न्यौपाने बताउँछन्। बच्चाको सघन उपचार सम्बन्धमा डिएम गरेका जनशक्ति नेपालमैं एकजना मात्रै रहेको भन्दै उनले दाबी गरे, "नेपालमैं बच्चाको सघन उपचारमा डिएम गरेका एकमात्रै डाक्टर बिराज पराजुली हाम्रोमैं काम गर्नुहुन्छ।" रोयल कलेज अफ इमर्जेन्सी मेडिसिन बेलायतसँग सहकार्य गरेर चितवन मेडिकल कलेजले मेम्बर अफ रोयल कलेज अफ इमर्जेन्सी मेडिसिन कार्यक्रम चलाएको छ। सो कार्यक्रममा नौजनाले क्रिटिकल केयरसम्बन्धी अध्ययन गरिरहेको उनी बताउँछन्।

कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पतालका आवासीय निर्देशक डा मनोहर प्रधान सबै अस्पतालमा क्रिटिकल केयरमा आवश्यक जनशक्ति अभाव भएको स्वीकार्छन्। सघन उपचारमा रहनेले त्यहाँ जडित उपकरणसम्बन्धी ज्ञानसमेत भएको हुनुपर्दछ। प्रधानका अनुसार बिएस्सी नर्सिङलाई आवश्यक तालीम दिएर क्रिटिकल केयरमा काम लगाउने गरिएको छ। क्रिटिकल केयर आफैंमा निकै संवेदनशील हुने गरेको भन्दै उनले सामान्य जनशक्तिले व्यवस्थापन गर्न नसक्ने बताए।

कोभिड बिरामी बढेपछि मेडिकल कलेज र अस्पतालहरूले सघन उपचार कक्ष विस्तार गरिरहेका छन्। उपचार कक्ष बढेपछि जनशक्ति भने थोरैबाट व्यवस्थापन गरिँदै आएको छ। ती जनशक्ति पनि सबै दक्ष छैनन्।

क्रिटिकल केयरमा दक्ष जनशक्ति अभाव भएपछि चितवन मेडिकल कलेजले आजबाट निश्शुल्क भर्चुअल तालीम शुरू गर्दैछ। सयजनाको लक्ष्य राखेर गर्न लागेको तालीममा देशैभरबाट हालसम्म तीन हजारजनाले आवेदन दिएको अस्पतालले जनाएको छ। अस्पतालका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाका अनुसार तालीमको व्यवस्थापन कठिन भएको छ। इच्छुकहरू निकै बढेको भन्दै उनले सबैलाई तालीममा सहभागी गर्ने गरी व्यवस्थापन गर्न लागिएको बताए। तालीमको अवसर नपाएका आइसियूमा काम गरिरहेका नर्स, एमओ, रेसिडेन्ट, एनेस्थेसियोलोजिस्ट, इन्टरनल मेडिसिन कन्सल्टेन्टहरूका लागि यो तालीम उपयोगी हुने देवकोटाको भनाइ छ। कलेजका पल्मोनरी मेडिसिन र क्रिटिकल केयर मेडिसिनमा डिएम गरेका स्पेशलिस्ट प्राध्यापकहरूले तालीम दिने उनले जानकारी दिए। तालीमपश्चात् परीक्षा लिइनेछ। उक्त परीक्षा पास हुनेलाई पास भएको र पास हुन नसक्नेलाई सहभागिताको प्रमाणपत्र दिने व्यवस्था रहेको कलेजले जनाएको छ। तालीम हरेक दिन साँझ ८ देखि नौ बजेसम्म हुनेछ। तालीममा १५ वटा भिन्दाभिन्दै कक्षामा आवश्यकता अनुसार भिडियो तयार गरी सहभागीलाई देखाइनेछ।




# प्रधानमन्त्री ओलीबाट १५३ सदस्यसहित दाबी

काठमाडौं, ७ जेठ/रासस

नेकपा (एमाले)का अध्यक्ष केपीशर्मा ओलीले नयाँ प्रधानमन्त्रीमा आफ्नो पार्टी


प्रधानमन्त्री केपीशर्मा ओली शुक्रवार प्रधानमन्त्री निवास बालुवाटारमा पछिल्लो राजनीतिक परिस्थितिबारे पत्रकार सम्मेलन गर्दै। तस्वीरः रासस

एमाले र जनता समाजवादीका गरी १५३ प्रतिनिधिसभा सदस्यको समर्थन रहेको आधारसहित राष्ट्रपतिसमक्ष दाबी गरेका छन्।

वर्तमान प्रधानमन्त्री ओलीले एमालेका १२१ र जसपाका ३२ गरी १५३ जना सांसदको समर्थन आफूलाई रहेको पत्रसहित नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री पदको लागि दाबी गरेको उनका मुख्य सल्लाहकार विष्णु रिमालले जानकारी दिए। सो दाबीपत्रमा जसपाको तर्फबाट अध्यक्ष महन्थ ठाकुर तथा संसदीय दलका नेता राजेन्द्र महतो र एमालेका अध्यक्ष एवं दलका नेता ओलीले हस्ताक्षर गरेका छन्।

राष्ट्रपति विद्यादेवी भण्डारीले मौजुदा सरकारले विश्वासको मत लिन सक्ने बलियो राजनीतिक आधार नभएको भनी मन्त्रिपरिषद्को निर्णय र प्रधानमन्त्री ओलीको आग्रहका आधारमा नेपालको संविधानको धारा ७६ को उपधारा ५ बमोजिम नयाँ सरकार गठनका लागि आज साँझ ५ बजेसम्मका लागि समय दिएका थिए। विपक्षी दलहरूले पनि आफूहरूसँग सरकार बनाउन आधार पुग्ने दाबी गरेको जनाइएको छ।

# पर्सागढीमा किराना सामान महँगियो

प्रस, पर्सागढी, ७ जेठ/

पर्सागढी नगरपालिकामा किराना सामानहरू महङ्गो मूल्यमा बिक्री भइरहेको छ।

बाराको जीतपुर र पर्साको वीरगंज महानगरपालिकामा रहेका थोक विक्रेताले किराना सामानको मूल्य बढाएकाले आफूहरूले पनि महँगो मूल्यमा सामान बिक्री गर्नु बाध्यता भएको पसलेहरूले बताए।

दाल, तेल, मसाला, चामल, चिनी, खुर्सानी, आलु र प्याजसमेत महँगो मूल्यमा बिक्री भइरहेको उपभोक्ताहरूले गुनासो गरेका छन्। उनीहरूले निषेधाज्ञा अवधिमा सबै खाले सामानको मूल्य बढेको गुनासो गरे। कतिपय सामान निषेधाज्ञाको बीस दिनमा दोब्बरी मूल्यमा बिक्री भइरहेको उपभोक्ताहरूले बताएका छन्। वीरगंजमा मात्र सम्बन्धित निकायले अनुगमन गरेको


पर्सागढीमा रहेको एक स्थानीय पसल। तस्वीरः नरेश यादव

तर ग्रामीण क्षेत्रमा अनुगमन नभएको र स्थानीय निकाय, वडापालिका पनि यस्ता खाले गतिविधिविरुद्ध नदेखिएकाले उपभोक्ताहरू ठगिन बाध्य भएका छन्।

# निषेधाज्ञामा माछा बेच्न रोक्ने प्रहरी कुटिए

प्रस, वीरगंज, ७ जेठ/

निषेधाज्ञामा भीड गरी माछा बेचेको सूचना पाएर रोक्न गएका दुईजना प्रहरीलाई वीरगंज-१२ मुर्लीका स्थानीय र माछा विक्रेताहरूले कुटेर घाइते पारेको समाचार छ।

शुक्रवार दिउँसो मुर्ली पोखरीको डिलमा माछा बिक्री भइरहेको सूचना पाएका जिल्ला प्रहरी कार्यालय पर्साको अपराध शाखाका दुईजना प्रहरी मुर्ली पोखरीमा पुगेका थिए। उनीहरूले माछा बिक्री बन्द गर्न भन्दा माछा बेच्ने र स्थानीयले अटेर गरेपछि विवाद भएको थियो। सो क्रममा प्रहरी दुईजना मात्र भएकाले उनीहरूलाई निर्घात कुटिएको थाहा हुन आएको छ। कुटाइबाट एकजना प्रहरीको टाउको फुटेको र अर्का पनि घाइते भएको बताइएको छ। प्रहरी कुटिएको समाचार पाएसँगै वडा प्रहरी कार्यालय श्रीपुरको टोली परिचालन भएको र सातजनालाई नियन्त्रणमा लिएको छ।

### ग्रेभल नहुँदा...

*सञ्जीव मिश्र, विन्दवासिनी/*

छिपहरमाई गाउँपालिका-५ भिस्वाको सडक वर्षाको कारण हिलाम्य भएको छ।

पकहामैनपुर गापाको सबैठवा हुँदै वीरगंज आउने मुख्य सडक निर्माण नहुँदा त्यस भेगका जनताले सास्ती भोग्दै आएका छन्। सडक हिलाम्य भएपछि सो बाटो सवारीसाधन आवतजावत बन्द भएको छ भने पैदल यात्रा गर्न पनि समस्या भएको छ।

प्रदेश दुई सरकारको बजेटमा सो सडकखण्ड निर्माण भइरहेको हो र संयोगले प्रदेशसभा सदस्य सिंहासन साह कलवारको रञ्जन निर्माण सेवाले यो डकखण्ड निर्माणको ठेक्का पाएर कार्य गर्दै आएको छ।

सडक निर्माणको ठेक्का लिएको रञ्जन निर्माण सेवाले कार्य सम्पन्न गर्न ढिला गरेको कारण वर्षामा हिलो र घाममा धूलोको समस्या यो सडक प्रयोग गर्नेहरूले झेल्दै आएका छन्।

काम गर्न ढिला भइरहेको प्रतिक्रिया दिए। उनले मौसमको अनुकूलतासँगै काम सुचारु हुने र दुई साताभित्र ग्रेभल गरेर समस्या समाधान गर्ने प्रतिबद्धता जाहेर गरे। उनले यो सडकखण्डमा माटोले पुरी माथि ग्रेभल गर्नेसम्मको ठेक्का भएको बताए।

# स्कूटी चोरीको आरोपमा युवक पक्राउ

प्रस, वीरगंज, ७ जेठ/

जिल्ला प्रहरी कार्यालय पर्साले एकजना युवकलाई स्कूटी चोरीको कसूरमा पक्राउ गरी मुद्दा चलाएको छ।

जिप्रका पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले यही जेठ २ गते वीरगंज महानगरपालिका-२ छपकैया निवासी रञ्जीत साहको नाममा दर्ता रहेको हरियो रङ्गको ना.२३प ८२७१ वीरगंज महानगरपालिका-३ प्रगतिनगरको सडकमा पार्किङ गरेको अवस्थामा चोरी भएको बताए।

सो स्कूटी चोरीबारे प्रहरीमा उजूरी परेपछि खोजतलाशको क्रममा वीरगंज-



१ निवासी २२ वर्षीय प्रवीण साहको घरबाट बरामद भएको र उनले चोरी गरेको प्रमाणित भएपछि सोही अनुसार चोरी मुद्दा दायर गरिएको जिप्रका पर्साले जानकारी गराएको छ।

# निम्बसद्वारा प्रहरीलाई स्वास्थ्य सामग्री हस्तान्तरण

प्रस, परवानीपुर, ७ जेठ/

निम्बस समूहले नेपाल प्रहरीलाई


तस्वीरः सौजन्य

स्वास्थ्य सामग्री सहयोग गरेको छ।

प्रहरी प्रधान कार्यालय काठमाडौंमा शुक्रवार निम्बसले नेपाल प्रहरीको सुरक्षाको लागि स्वास्थ्य सामग्री सहयोग गरेको हो।

निम्बस समूहका प्रबन्ध निर्देशक आनन्दकुमार बगारियाले प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई १ लाख थान सर्जिकल मास्क, १० हजार थान एन-९५ मास्क र ८० लिटर सेनिटाइजर हस्तान्तरण गरेका थिए।